
# न्यायिक समितिको बार्षिक प्रतिबेदन



२०८१ श्रावण १ गते देखी २०८२ जेठ मसान्त सम्म

पाटन नगरपालिका

पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

## बिषय सूचि

**सारसंक्षेप**

परिच्छेद-१ प्रारम्भ तथा परिचय

१.१ पृष्ठभूमि

१.२ पाटन नगरपालिकाको परिचय

परिच्छेद २ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

२.१ प्रतिबेदनको उद्धेश्य

२.२ प्रतिवेदन तयारी विधि

२.३ नेपालमा स्थानिय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

२.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार

२.३.२ संवैधानिक विकासक्रम र न्यायिक अधिकार

२.३.३ कानुनी विकासक्रम र न्यायिक अधिकार

२.४ स्थानीय तहको बर्तमान स्वरुप र न्यायिक अधिकार

२.५ न्यायिक समितिको अधिकार क्षेत्र

२.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय कार्य सम्पादन प्रकृया

२.६.१ क्षेत्राधिकार

२.६.२ न्याय सम्पादन प्रकृया

३.१ न्यायिक समिति सम्बन्धी व्यवस्था

३.२ सम्पादित क्रियाकलापहरु

३.३. न्यायिक समितिको बैठक व्यवस्थापन तथा कार्य सम्पादन

३.४ नगरपालिका बाट स्वीकृत कानूनहरुको विवरण

३.५ अनुगमन सम्बन्धी व्यवस्था

३.६ मुख्य उपलव्धी

३.७ स्थानीय तहमा न्यायिक समितिका अवसर

३.८ स्थानीय तहमा न्यायिक समितिका चुनौती

३.९ सूझाव

३.१० न्यायिक समिति र न्याय सम्पादन सम्वन्धी अपेक्षा

नगर प्रमुख

## सारसंक्षेप (Exucutive Summary)

नेपालको संविधानको धारा २१७ ले स्थानिय तहमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखी ५३ सम्म स्थानिय तहमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको छ र न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागिं संवैधानिक ईतिहासमा पहिलो पटक भएको हो । संविधानमा उल्लेखित व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ । देश भरीका ७५३ वटा स्थानीय तहका न्यायिक समितिहरुबाट न्याय सम्पादन गर्ने प्रणालीबाट जनताको न्यायमा पहुँच सरल र सहज बनाउन मदत पुग्ने विश्वास लिईएको छ । साथै विवाद सामाधानका वैकल्पिक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रक्रिया जित जितको अवस्था सुनिश्चत हुने र न्याय प्रतिको सन्तुष्टि तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झन्झटिलो तथा मेलमेलापमुलक प्रक्रियाबाट सामाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-८ को दफा ४६ देखी दफा ५३ सम्म स्थानीय तहहरुलाई न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न पाटन नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्बन्धि) ऐन २०७८ जारी गरि कार्यान्वयनमा ल्याएको छ । निर्दिष्ट कानूनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी बनाउन, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३(१) बमोजिम पाटन नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएका कार्यहरुको वार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने, न्यायिक समिति बाट सम्पादन भएका कार्यहरु पेश गर्ने उद्धेश्यले यो प्रतिवेदन तयार गरिएको छ । दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलतापुर्वक सम्पादन भएकोछ, न्यायिक समितिको २२ वटा बैठक सञ्चालन भई न्यायिक समिति समक्ष (गत आ.व. बाट जिम्मेवारी सरि आएका ९ र यस आ.ब. पेश भएका ९ समेत) बिभिन्न १८ वटा उजुरीहरु सम्बन्धी छलफल गरि आवश्यक कार्वाही गरिएको छ । उजुरी मिलापत्र तथा निर्णय भएका उजुरी शंख्या ११ गरि कुल ११ उजुरी फछर्योट भई लगतकट्टा गरिएको र ७ वटा उजुरीहरु फरछ्र्योटको तयारीमा रहेका छन् । नगरपालिकाको कार्य सम्पादन नियमावली २०७४ को दफा ४ उपदफा ६ बमोजिम गठन भएको विधायन समिति बाट सम्पादन गरिएका कार्यहरु अन्तर्गत बिभिन्न ४ वटा विधेयक तथा कार्यविधिहरुको मस्यौदा तयार गरि समिति मार्फत प्रक्रिया अनुसार कानुनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयन गरिएको छ ।

सरकार सञ्चालनमा महत्वपूर्ण अंगहरु मध्ये न्यायपालिका एक महत्वपूर्ण अंग रहेको छ, व्यवस्थापिकाले कार्यान्वयन गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानूनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरुपण गर्ने कार्य न्यायपालिकाले गर्छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तह देखि सुदृढ एवम् सबल बनाउनको लागि स्थानीय नेतृत्व, स्थानीय कानून र स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ । उल्लेखित विवादका विषय बाहेकका विषयहरु पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ । न्यायिक समितिमा उजुरी वा फिराद पेश भए पछि बिपक्षीका नाममा म्याद पठाउने, प्रतिउत्तर बुझ्ने, प्रमाणको परिक्षण, साक्षी परिक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्गयाएर मात्र समितिले निर्णय गर्नु पर्ने व्यवस्था अवसरको रुपमा रहेको छ । स्थानीयस्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहायका चुनौतीहरु रहेका छन् ।

नगर प्रमुख

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमि रहनु,
- यथेष्ट प्रमाणको मूल्याकंन नगरि फैसला हुन सक्ने,
- निर्वाचनको माध्यम बाट आएका जनप्रतिनिधी इजलासमा हुने भएकोले राजनितिक पुर्वाग्रहीपन हुन सक्ने
- कुनै पनि मुद्धामा सिधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनितिक रुपले फरक विचारका व्यक्तिहरु सिधै जिल्ला अदालत जान सक्ने
- स्थानीय न्यायिक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी जानकारी नहुदा मुद्धा तथा उजुरीहरु अन्य निकायमा दर्ता हुन जाने ।

न्यायिक समितिबाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन संघीय सरकार,प्रदेश सरकार तथा स्थानीय सरकार बाट न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धिको लागि समय समयमा कानुन सम्बन्धी तालिम तथा गोष्ठिहरु सञ्चालन गरिनु पर्ने, न्यायिक समितिको सचिवालय तथा कानुन ईकाईमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न न्याय तथा कानुन सम्बन्धी तालिमहरु सञ्चालन गराई क्षमता अभिबृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनु पर्ने, समिति मार्फत भए गरेका काम कारर्वाहीहरुको नियमित अनुगमन गरि पृष्ठपोषण गर्नु पर्ने सुझाव तथा अपेक्षा समेत प्रतिबेदनमा उल्लेख गरिएको छ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७४

नगर प्रमुख

## परिच्छेद-१ प्रारम्भ तथा परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले गाउँपालिका तथा नगरपालिकास्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय न्यायिक प्रयोजनका लागि यो व्यवस्था नेपालको संबैधानिक ईतिहासमा पहिलो पटक भएको हो। संबिधानमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको रहेको छ। नेपालको संविधानको भाग ५ धारा ५६(१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानिय तह गरि तीन तहको हुनेछ भन्ने उल्लेख छ। संविधानको धारा ५६(२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह यस संविधान र कानून बमोजिम गर्ने छन् भनि स्पष्ट पारि दिएको छ। नेपालको संविधानको धारा २१७ को उपधारा (१) मा कानून बमोजिम आप्नो क्षेत्राधिकार भित्रका विवाद निरुपण गर्न गाउँपालिकामा गाउँपालिका उपाध्यक्ष र नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ। संविधानको धारा २१७ को उपधारा (२) मा न्यायिक समितिमा गाउँ सभा वा नगर सभा बाट आफु मध्ये बाट निर्वाचित गरेको २ जना सदस्यहरु रहने गरि न्यायिक समिति गठन विधि स्पष्ट गरेको छ।

नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिकास्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखी ५३ सम्म स्थानीय तहहरुको न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था स्थानिय न्यायिक प्रयोजनका लागि संवैधानिक ईतिहासमा पहिलो पटक भएको हो।

संविधानमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानिय तहको रहेको छ। देशभरिका ७५३ वटा स्थानीय तहका न्यायिक समिति बाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट न्यायमा जनताको पहुच सरल र सहज बनाउन मदत गर्ने विश्वास लिईएको छ। साथै विवादको बैकल्पीक उपायहरु अवलम्बन गर्दा न्यायिक प्रक्रिमा जित जित को सुनिश्चित हुने र न्यायप्रतिको सन्तुष्टि तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झन्झटिलो तथा मेलमिलापमुलक प्रकृयाबाट सामाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखी ५३ सम्म स्थानीय तहहरुमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न पाटन नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७८ तथा मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० समेत जारी गरि कार्यान्वयनमा रहेको छ। निर्दिष्ट कानूनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्षि बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(१) बमोजिम पाटन नगरपालिकाको न्यायिक समिति, समितिको सचिवाल तथा कानून ईकाई बाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५२ (२) बमोजिम पाटन नगरपालिकाको न्यायिक समिति, समितिको सचिवाल तथा कानून समिति बाट सम्पादन गरिएका कार्यहरुको बार्षिक विवरण नगर प्रमुख मार्फत नगरसभामा पेश गर्ने, न्यायिक समिति बाट सम्पादन भएका कार्यहरुको अभिलेखिकृत प्रतिबेदन नगर कार्यपालिका तथा सम्बन्धित निकायमा पेश गर्ने उद्धेश्यले यो प्रतिबेदन तयार गरिएको छ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी

नगर प्रमुख

## १.२ पाटन नगरपालिकाको परिचय

नेपालको सुदूरपश्चिम क्षेत्रमा स्थित पाटन नगरपालिकाको स्थापना एउटा दीर्घकालिन सोच “व्यवसायिक, औद्योगिक तथा बहुसांस्कृतिक समुन्नत नमुना शहर पाटन” का साथ बि.सं. २०७१/०८/१६ सालमा महाकाली अञ्चलको बैतडी जिल्लाको पाटनमा भएको हो र मिति २०७१/०८/१६ गते देखि नै पाटन नगरपालिकाको स्थापना हुन गएको हो । यो समुद्री सतहदेखि २४३९ देखि ६९३६ फीट ३४ मि . देखि २००० मि. ) को उचाइँमा र काठमाडौं देखि ८३३.३ कि.मि.को दूरीमा अवस्थित रहेको छ । पाटन नगरपालिकामा जम्मा १० वडा वडा रहेका छन् । २१९.२६ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको पाटन नगरपालिकाको भु-आकृतिक स्वरुप करिब मध्य पहाडी र पहाडी भूभाग रहेको छ भने यसको पूर्वमा सिगास गाउँपालिका , पश्चिममा द.न.पा / मे.न.पा , उत्तर मा सुर्नाया गा.पा / दोगडाकेदार र दक्षिणमा डडेल्धुरा जिल्ला रहेका छन् । यसको शालाखाला अधिकतम तापक्रम ३३ - ३७ डिग्री र न्यूनतम तापक्रम चिसो मौसम मा २ डिग्री सम्म रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या २९२३० रहेको छ भने यस क्षेत्रको जनसंख्या वृद्धिदर (-०.३९%) अनुमानित गरिएको छ ।

प्रमुख चाडपर्व स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ । जस्तैः दशैं, तिहार, माघे संक्रान्ति , होली, गौरा, औल्के संक्रान्ति , कृष्ण जन्माष्टमि, बुद्ध जयन्ती, यहाँका प्रमुख चाड पर्वको रुपमा रहेको पाइन्छ ।

स्थापना : बि सं. २०७१/०८/१६ साल

भौगोलिक अवस्थिति कूल क्षेत्रफलः २१९.२६ बर्ग कि.मि

काठमाण्डौं देखिको दुरीः ८३३.३ कि. मि.

समुद्री सतहदेखि उचाइँ : २४३९ देखि ६९३६ फीट

राष्ट्रीय जनगणना २०७८ को जनगणना अनुसार जम्मा जनसंख्या : २९२३०

पुरुष जनसंख्या : १३५५८ र महिला जनसंख्याः १५६७२

परिवारको औसत आकार : ४.५४ , जनघनत्व :१३३

राजनैतिक विभाजन : प्रदेश - सुदूरपश्चिम, अंचल - महाकाली , जिल्ला - बैतडी

प्रदेश संसदीय निर्वाचन क्षेत्र : १

प्रतिनिधिसभा निर्वाचन क्षेत्र संख्या : १ क्षेत्र नं. 'क ' भित्र पर्ने

वडा संख्या : १० -

सिमाना पुर्वः सिगास गाउँपालिका, पशिचममा : द.न.पा / मे.न.पा , उत्तरः सुर्नाया गा.पा / दोगाडा केदार दक्षिणः डडेल्धुरा जिल्लाको सिमाना

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश

नगर प्रमुख

## परिच्छेद-२ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

### २.१ प्रतिबेदनको उद्धेश्य

न्यायिक समितिको प्रतिबेदन तयार गर्न देहाय बमोजिमका उद्धेश्यहरु रहेका छन् ।

- स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३(१) बमोजिम पाटन नगरपालकाको न्यायिक समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने,
- स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम पाटन नगरपालिकाको न्यायिक समिति, समितिको सचिवाल तथा कानून ईकाईबाट सम्पादन गरिएका कार्यहरुको बार्षिक विवरण नगर प्रमुख माफर्त नगर सभामा पेश गर्ने,
- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको अभिलेखिकृत प्रतिबेदन नगर कार्यपालिकामा पेश गर्ने ।

### २.२ प्रतिवेदन तयार विधि

न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको प्रतिबेदन तयार गर्न नेपालको संबिधान २०७२, स्थानिय सरकार सञ्चालन ऐन २०७४, पाटन नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७८ न्यायिक समितिको बैठक पुस्तिकाहरुको बिशेष अध्ययन तथा बिश्लेषण गरि तयार गरिएको छ ।

उक्त प्रतिबेदन तयार गर्दा पाटन नगरपालिको कार्य सम्पादन प्रक्रियामा तथा पाटन नगरपालिकाको कार्य सम्पादन चुस्त दुरुस्त बनाउन स्वीकृत भई कार्यान्वयनमा रहेका कानूनहरुको अध्ययन विश्लेषण गरि तयार गरिएको छ ,साथै प्रतिबेदन तयारको क्रममा देहाय बमोजिम अन्य दस्तावेजहरुको समेत अध्ययन विश्लेषण गरिएको छ ।

-मेलमिलाप ऐन २०६८ र मेलमिलाप नियमावली ,२०७०
-प्रमाण ऐन, २०३०
-मुलुकी देवानी (संहिता) ऐन, २०७४
-मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
-मुलुकीअपराध (संहिता) ऐन, २०७४
-मुलुकी फौजदारी कार्यविधि, २०७४
-फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन कार्यविधि), २०७४
-न्यायिक समिति कार्य सम्पादन श्रोत पुस्तक, २०७४
-अन्य ऐन कानूनहरु

### २.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

नेपालमा स्थानिय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार सम्बन्धी देहाय बमोजिमको व्यवस्था रहेको पाईन्छ ।

#### २.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार

क) गोपालवंश : नेपालमा आज भन्दा करीव ३००० वर्ष पहिलो गोपालवंश ५२५ वर्ष शासन गरे भन्ने ऐतिहासिक कथन रहेको छ । यस वेला स्थानीयतहमा जेठाबाठाले गाउँ टोलमा स्थिति बसाल्ने, पारिवारिक विवाद मिलाउने र गाउँ टोलमा नेतृत्वदायी भुमिका निर्वाह गर्दथे भन्ने ईतिहासकारको भनाई पाईन्छ ।

नगर प्रमुख

**ख) महिषपाल बशं** : गोपालबशं पछि महिषपाल बशंले करिव १०० बर्ष शासन गरे भन्ने ईतिहासविद्को कथन छ । त्यस वेला शासन व्यवस्था बारे स्पष्टता नपाईएकोले गाउँघरमा सम्पति सम्बन्धी तथा पारिवारिक विवाद वा केही आपसी झगडा मिलाउन स्थानिय जेष्ठहरुको भूमिका रहन्थ्यो भन्ने ऐतिहासिक श्रूति पाईन्छ ।

**ग) किरातकाल** : गोपालबंश पछि किरातकालमा केन्द्रिय शासन र स्थानिय शासनको अवधारणा विकास भएको पाईन्छ । स्थानीय तहलाई थुम र पनचाली २ तहमा विभाजन गरी पाञ्चालीलाई स्थानीय कर संकलन, कुलो, पैनी, झै झगडा मिलाउने जिम्मेवारी दिईएको पाईएको छ ।

**घ) लिच्छवी काल** : लिच्छवी कालमा आएर बस्तीहरुलाई विषय, ग्राम, द्रङ पुर, प्रदेश र देश नामका ईकाईहरु बिभाजन गरियो । यस वेला स्थानीय न्याय सम्पादन गर्ने पाँच जना भलादमीहरुको सभा हुन्थ्यो जसलाई पान्चाली भनिन्थ्यो । पान्चालीको मुख्य काम आप्नो ईलाका भित्रको झगडा छिनोफानो गर्नु र जनताको हितको लागि कुलो पानीको व्यवस्था गर्नु, पाटी पौवा बनाउनु र संरक्षण गर्नु थियो । पान्चालीले छिन्न नसेका मुद्धा मात्र अन्तिम निर्णयका लागि माथिल्लो तहमा जाने व्यवस्था भएको पाइन्छ ।

**ङ) मल्लकाल** : मल्लकालमा स्थानिय तहलाई ग्राम टोलमा विभाजन गरिएको पाईन्छ । ग्राम प्रशासन हेर्ने जिम्मा पाँच जनाको समुह भएको पन्च कतहरीको प्रमुखलाई पञ्च थकाली भनिन्थ्यो । यसले कार्यपालिका र न्यायपालिका सम्बन्धी दुवै काम हेर्ने गर्थ्यो । मल्लकालमा स्थानीय प्रशासनको कार्य कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी, पौवा, मन्दिर निर्माण र स्थानिय झै झगडा मेलमिलाप गराउनु थियो ।

**च) शाहकाल** : शाहकालमा पनि मल्ल कालको पन्चकचहरीले निरन्तरता पाएको देखिन्छ । शाहकालमा स्थानिय प्रशासन चलाउने द्धारे, उमराव, चौधरी नायके, फौजदार नियुक्त हुन्थ्ये जसको मुख्य काम स्थानीयस्तरमा कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी मन्दिर गुम्वा निर्माण र स्थानिय झै झगडा मेलमिलाप गराउनु थियो ।

**छ) राणाकाल** : राणाकालमा शासनको केन्द्रिकरणले प्राचिनक कालको पान्चाली लोप भयो । तर पनि देशको प्रशासन केन्द्रबाट मात्र संञ्चालन गर्न सम्भव नभएकाले स्थानीयस्तरमा प्रशासन सन्चालन गर्न पहाड बन्दोवस्त, गोश्वरा मधेस, बन्दोवस्त गोश्वरा, पाठशाला बन्दोबस्त, अड्डा, माल, ठाना जस्ता विकेन्द्रिकृत ईकाईहरु गठन गरिए । स्थानिय प्रशासनमा द्धारे, उमराव, चौधरी, नाईक, मुखिया, अमाली, थरी, जेठाबुढा, प्रधान, फौजदार जस्ता पदहरु राखिए । सारमा नेपालमा राज्य व्यवस्थाको प्रारम्भ सँगै स्थानिय शासन व्यवस्थित हुदै आएको र स्थानिय मामिला सम्वन्धमा जिम्मेवार हुदै आएको पाईन्छ ।

## २.३.२ संवैधानिक विकासक्रम र न्यायिक अधिकार

नेपालको मूल कानूनको रुपमा रहेको लिखित संविधानको विकासक्रम निम्नानुसार हुदै आएको पाईन्छ ।

१) नेपाल सरकारको बैधानिक कानून, २००४ : स्थानीयस्तरमा न्याय सम्पादनको संस्थागत व्यवस्था नेपाल सरकारको बैधानिक कानून,२००४ को धारा ४८ मा उल्लेख भएको पाईन्छ । जसमा ईन्साफ सीघ्र र सुलभ हिसावसँग दिईने प्रवन्ध हुनेछ । शुरुका देवानी र फौजदारी मुद्धाहरु ऐन र नियमले तोकिने वन्देज र रेखदेखमा रही ग्राम पञ्चायतहरुले गर्ने छन् भन्ने उल्लेख भएको पाईन्छ ।

२) नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६ मा ग्राम पञ्चायतको व्यवस्था गरि ग्राम पञ्चायतलाई स्थानीय शासन संस्थाको रुपमा मान्यता दिई आवश्यक अधिकार दिने व्यवस्था गरेको छ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
प्रमुख

३) नेपाल अधिराज्यको संविधान, २०१५ मा स्थानीय शासन सम्बन्धी कुनै पनि संस्थागत व्यवस्था भएको पाईदैन ।

**४) नेपालको संविधान, २०१९** को भाग ८, धारा ३० र ३१ मा गाउँ पञ्चायत र नगर पञ्चायतको व्यवस्था गरियो । जसमा गाउँ र नगर पञ्चायतको काम, कर्तव्य र अधिकार कानूनद्धारा व्यवस्थित हुने उल्लेख गरिएको छ । यसमा भएका समय समयका सुधार र संशोधन बाट स्थानीय तहमा गाउँ र नगर पञ्चायतलाई स्थानीयस्तरका कुलो, पैनी, बाध, साध सिमाना, लेनदेन, कुटपिट, आदि मुद्धाहरुको सुनुवाईको अधिकार दिएको पाईन्छ ।

**५) नेपाल अधिराज्यको संविधान, २०४७** : नेपालमा प्रजातन्त्रको पुनस्थापना पश्चात जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा विकेन्द्रीकरण र स्थानीय निकाय सम्बन्धी अवधारणालाई आत्मसात गरिएको थियो साथै स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ३० र १०१ मा न्याय निरुपण सम्बन्धी व्यवस्था गरिएको भए पनि राजपत्रमा सूचना प्रकाशन हुन नसक्दा कार्यान्वयन हुन नसकेको ।

**६) नेपालको अन्तरिम संविधान,२०६३** को धारा १३९(१) मा स्थानीयस्तर देखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुलको वातावरण वनाई लोकतन्त्रको स्थानीयस्तर देखि नै संस्थागत विकास, अधिकार निक्षेपण र विकेन्द्रिकरणको आधारमा स्थानिय स्वायत्त शासनको व्यवस्था गरेको पाईन्छ ।

७) नेपालको संविधान २०७२ : वि.स. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिकामा देहाय बमोजिम एक न्यायिक समिति रहने व्यवस्था गरेको छ ।

- कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप प्रमुखको सयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने,
- न्यायिक समितिमा गाउँ सभा र नगरसभा बाट आफु मध्ये बाट निर्वाचित गरेका दुई जना सदस्य रहने व्यवस्था छ ।
- संविधानको धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची ८ र अनुसूची ९ वमोजिमका सूचिमा उल्लेखित विषयमा कानून बनाउने प्रक्रिया प्रदेश कानून वमोजिम हुनेछ भनी उल्लेखित छ ।
- संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रम संख्या १२ मा गाउँसभा नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन उल्लेख गरिएको छ ।
- नेपालको संविधान अनुसार नेपाल सरकारले जारी गरेको स्थानिय सरकार सञ्चालनं ऐन २०७४ को दफा ४६ देखी ५३ सम्म स्थानीय तहमा न्याय निरुपण सम्बन्धी व्यवस्था गरिएको छ ।

८. नगरपालिकालाई निश्चित स्थानिय विवादहरु निरुपण गर्ने अधिकार दिइनु भनेको न्याय प्रक्रियालाई सरल र सहज बनाउनुका साथै न्यायमा नागरिकको पहुँच बढाउनु हो । यही भावना साथ नेपालको संविधानले स्थानीय तहमा कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने व्यवस्था गरेको छ । यसरी नेपालको राज्य संरचना र शासन व्यवस्थाको विभिन्नकालखण्डमा स्थानीय तहले आर्थिक विकास, पूर्वाधार विकास निर्माण र कुनै न कुनै रुपमा न्यायिक अधिकारको प्रयोग गर्दै आएको पाईएको छ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४
नगर प्रमुख

## २.३.३ कानूनी विकास क्रम र न्यायिक अधिकार

नेपालमा कानूनी क्षेत्रको विकासलाई हेर्दा प्राचिन कालमा मानिसहरुको व्यवहार, इमान, जमान, धर्म, र विश्वासमा आधारित भएको पाईन्छ । परापुर्व कालमा घरायसी व्यवहारका निमित्त लिखतको आवश्यकता मानिदैन्थ्यो आवश्यक भएमा साक्षीहरुका विचमा व्यवहार गरिन्थ्यो । हालका हाम्रा कानूनी प्रावधान र प्रक्रिया धेरै जसो वि.स. भन्दा ३०० बर्ष पहिले लेखिएको कौटिल्य अर्थशास्त्र बाट निर्देशित भएको पाईन्छ । उदाहरणका लागि कुनै मुद्धाका प्रतिवादीलाई ३ देखी ७ दिन सम्मको म्याद दिनु पर्छ । किनभने वादी मुद्धाको बिषयमा पहिले नै आप्नो कुरा निश्चय गरेर वादी दावी गरेको हुन्छ भने प्रतिबादीले मुद्धाको विषयमा पहिले नै निश्चय गरि सकेको हुदैन भन्ने उल्लेख थियो । (कौटिल्य अर्थशास्त्र, अध्याय १)

मनुस्मृतिमा जवरजस्ती लेनदेनमा कागज गराएको रहेछ भने मान्यता नहुने र जग्गा खिचोला विषयमा विवादमा साक्षीले भनेको चार किल्ला प्रमाण मानी लेख्नु पर्ने उल्लेख पाईन्छ । **(मनुस्मृति)**

याज्ञवल्क्यस्मृतिले राजामा विन्ती गर्ने वादीले प्रतिवादीका विषयमा जे उजुर गर्छ त्यो लेख्नु पर्छ र अन्तमा वादीको नाउँ थर, वतन र मिति लेख्नु पर्छ भनिएको छ । त्यस पछि प्रतिवादीलाई झिकाई वादीले लेखाएको उजुरीको कुरा सुनाई वादीकै अगाडी प्रतिवादीको उजुरीको खण्डन लेख्नु भन्ने उल्लेख छ । यदि प्रतिवादी ले यस विषयमा यिनै वादी सँग यसै विषयमा पहिले मुद्धा परि मैले जितेको प्रमाण छ भन्छ भने सो कुरा पनि लेखाउनु पर्छ भनिएको छ ।**(याज्ञवल्क्यस्मृति)** याज्ञवल्क्यस्मृतिमा धनी र ऋणीहरुका विचमा ऋण लिने दिने निश्चय भएपछि साक्षीहरुको सामुन्ने मातम सुकपत्र लेख्दा लेख्य तु तस्मिनधनिकपर्वकम भनिएकाले लिखितमधनिका नाम बाट तमसुक लेख्ने प्रक्रिया सुरु भयो ।

## २.४ स्थानीयतहको बर्तमान स्वरुप र न्यायिक अधिकार

नेपालको संविधानको भाग ५ धारा ५६ (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीनतहको हुने छ भनि उल्लेख छ । संविधानको धारा ५६(२) मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानियतहले यस संविधान तथा कानून बमोजिम गर्ने छन भनि स्पष्ट गरिएको छ । नेपालको संविधानको धारा २१७ को उपधारा (१) मा कानून बमोजिम आप्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकाले नगरपालिकाको उपप्रमुखको सयोजकत्वमा तिन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । संविधानको धारा २१७ को उपधारा (२) मा न्यायिक समितिमा गाउँ सभा वा नगर सभा बाट आफु मध्येबाट निर्वाचित गरेका २ जना सदस्यहरु रहने गरि न्यायिक समितिको गठन विधि स्पष्ट गरेको छ ।

न्यायिक समितिले सम्पादन गर्नु पर्ने न्यायिक कार्य सम्बन्धी व्यवस्था स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखी ५३ सम्म गरिएको छ ।नगरपालिकाले ऐनको परिच्छेद ८ अनुसारको न्यायिक कार्य सम्पादन गर्दा विवादको प्रकृति हेरी बिभिन्न बिषयगत ऐन तथा मुख्य रुपमा देहायका कानूनलाई ध्यान दिनु पर्ने हुन्छ ।

-मेलमिलाप ऐन २०६८ र नियमावली-२०७०
-प्रमाण ऐन, -२०३०
-मुलुकी देवानी (संहिता) ऐन, -२०७४
-मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४
-मुलुकी अपराध (संहिता) ऐन, २०७४
-मुलुकी फौजदारी कार्यविधि, २०७४
-फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन कार्यविधि), २०७४
-न्यायिक समिति कार्यसम्पादन श्रोत पुस्तक, २०७४
-पाटन नगरपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएका ऐन, नियमावली,

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

कार्यविधि , निर्देशिका तथा मापदण्डहरु

-अन्य ऐनप्रचलित ऐन कानूनहरु

-पाटन नगरपालिकाको न्यायिक समिति (कार्यविधि ) सम्बन्धी ऐन २०७८

**२.५ न्यायिक समितिको अधिकार क्षेत्र**

न्यायिक समिति बाट स्थानियतहको न्याय निरुपण सम्बन्धी कार्य सम्पादन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको कानूनी व्यवस्था अनुसार पाटन नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्वन्धी)ऐन २०७८ सभावाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ र सो ऐन बमोजिम न्यायिक समितिको क्षेत्राधिकार देहाय बमोजिम निर्धारण गरिएको छ ।

१) पाटन नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७८ दफा ६ बमोजिम समितिलाई देहाय उजुरीहरुमा कार्वाही र किनारा गर्ने अधिकार रहेको छ ।

क) स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ४७ अन्तर्गतका उजुरीहरु,

ख) मेलमिलाप ऐन२०६८ अनुसार मेलमिलापको लागि नगरपालिकामा प्रेशित उजुरीहरु,

ग) संविधानको अनुसूची ८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरुपण हुने गरि सिर्जित उजुरी तथा,

घ) प्रचलित कानून बमोजिम नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरु ।

२) पाटन नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन २०७८ दफा (६) अन्तरर्गतका मध्ये देहाय अधिकार क्षेत्रका उजुरीहरुमा कार्वाही र किनारा गर्न सक्ने छ ।

क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष नगरपालिकाको भौगलिक क्षेत्राधिकार भित्र बसोवास गरि रहि रहेको,

ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायधिकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

ग) नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालतवा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेशित गरिएको,

घ) अचल सम्पती समाबेस रहेको बिषयमा सो अचल सम्पती नगरपालिकाको भौगलिक क्षेत्राधिकार भित्र रहीरहेको,

ङ) कुनै घटना सँग सम्बन्धित बिषयबस्तु रहेकोमा सो घटना नगरपालिकाको भौगलिक क्षेत्र भित्र घटेको

**२.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय तथा कार्य सम्पादन प्रक्रिया**

**२.६.१ क्षेत्राधिकार**

१) स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ४७(१) बमोजिमको क्षेत्राधिकार देहाय बमोजिम विवादको निरुपण गर्ने अधिकार रहेको छ ।

क) आलि, धुर, बाध, पैनी, कुलो वा पानि घाटको बाँडफाँड तथा उपयोग,

ख) अर्काको बाली नोक्सानी गरेको,

ग) चरन घाँस दाउरा,

घ) ज्यालामजदुरी नदिएको,

ङ) घर पालुवा पशुपन्छी हराएको वा पाएको,

च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

छ) नाबालाक छोरा छोरी वा पति-पत्नी लाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको,

ज) बार्षिक २५ लाख रुपैयाँ सम्मको विगो भएको घर वहाल र घर बहाल सुविधा,

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

झ) अन्य व्यक्तीको घर जग्गा वा सम्पतीलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
ञ) आफ्नो घर वा बलेसी बाट अर्काको घर, जग्गावा सार्वजानिक बाटो मा पानि झारेको,
ञ) आप्नो घर वा बलेसी बाट अर्काको घरजग्गावा सार्वजानिक बाटोमा पानि झारेको,
ट) संधियारको जग्गा तर्फ झ्याल राखी ,घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिणामको जग्गा नछोडी बनाएको,
ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापुर्व देखी सार्वजानिक रुपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, बस्तुभाउँ चराउने चौर, कुलो नहर, पोखरी, पाटी पौवा, अन्त्येष्ठि स्थल , धार्मिक स्थल वा अन्य कुनै सार्वजानिक स्थलको उपयोग गर्न नदिएको, वा बाधा पुर्याएको,
ड) संघीय वाप्रदेश कानुनले स्थानियतह बाट निरुपण हुने भनि तोकेका अन्य बिवाद
२) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७(२) अनुसार देहाय बमोजिमका विवादमा न्यायिक समितिले मेलमिलापको माध्यम बाट मात्र निरुपण गराउन पाउँछ , यी विवादको बारेमा निर्णय दिन पाउदैन ।
क) सरकारी सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको,
ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आप्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
ग) पति-पत्नि बिचको सम्बन्ध विच्छेद,
घ) अङ्गभङ्ग बाहेकको बढीमा १ बर्ष सम्म कैद हुन सक्ने कुटपिट,
ङ) गाली बेईज्जती,
च) लुटपिट,
छ) पशुपंछी छाडा छाडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरवाही गरि अरुलाई असर पारेको,
ज) अरुको आवासमा अनाधिकृत रुपमा प्रवेश गरेको,
झ) अर्काको हक भोगमा रहेको जग्गाा आवाद वा भोग चलन गरेको,
ञ) ध्वनी प्रदुषण गरी वा फोहरमैला फ्याकी छिमेकीलाई असर पुर्याएको,
ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक बर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।
३) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) बमोजिम विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालत मुद्धा दायर गर्न सक्छन ।
४) प्रचलित कानूनमा मुद्धा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्याद भित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले ३५ दिन भित्र न्यायिक समिति समक्ष निवेदन दिनु पर्ने छ ।

**२.६.२ अधिकार क्षेत्रको प्रयोगः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा(४८) अनुसार न्यायिक समितिको अधिकार क्षेत्र प्रयोग गर्न देहाय बमोजिम गर्नु पर्ने व्यवस्था गरेको छ ।

**१ समितिको निर्णय प्रकृया :** न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यको सामूहिक रुपमा प्रयोग गर्ने छन र बहुमतको राय न्यायिक समितिको निर्णय मानिने छ । न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवाद सम्बन्धी कार्वाही तथा निरोपण गर्न सकिने व्यवस्था रहेको छ । न्यायिक समितिको संयोजक र अर्को एक जना

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१
नगर प्रमुख

सदस्यको उपस्थिति भएमा विवादको निरुपण गर्न बाहेक अरु कार्वाही गर्न सकिने छ । कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा भएका अन्य दुवै जना सदस्यको सर्वसम्मतिमा विवादको कार्वाही तथा निरुपण गर्न सकिनेछ ।

**२) स्वार्थ गासिएका मुद्धा नहेर्ने**: कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजि सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाता भित्रका व्यक्ति विवादका पक्ष भएमा निजबाट सो विवादको कार्वाही र किनारा हुन सक्ने छैन । कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कार्वाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कार्वाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ । विवादको कार्वाही र किनारा गर्दा तीन जना सदस्य मध्यको जेष्ठ सदस्यले न्यायिक समितिको सदस्य भई काम गर्ने छ ।

**३) अन्य न्यायिक निकायका मुद्धा नहेर्ने** : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ मा उल्लेखित विवाद वा उजुरीका विषयमा अन्य न्यायिक निकायमा उजुरी परेको जानकारी प्राप्त हुन आएमा सो निकाय बाट विवादको टुंगो नलागे सम्म न्यायिक समिति यसमा प्रवेश गर्ने छैन ।

**४) सम्पती रोक्का र फुकुवा गर्न सक्ने** : न्यायिक समितिले आफु समक्ष परेको विवादमा बादीले प्रतिबादीको नाममा कुनै बैंक, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथा स्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिबादीको हक भोगको कुनै अचल सम्पती कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न बाट रोक्काको लागि निबेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझ बाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने छ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्ने छ । सम्पती रोक्का भएकोमा प्रतिवादीले रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो रोक्का फुकवा गर्न मनासिब देखेमा र रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा पठाउन सक्ने छ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

**५) अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने** : न्यायिक समितिले अधिकार क्षेत्रको प्रयोग गर्दा पति पत्नी बिचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजका नावालक सन्तान वा निज सँग आश्रित अन्य कुनै पनि व्यक्तिको हितको लागि सम्वन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछ :-

क) पिडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

ग) पीडितलाई अलगरुपमा बसोबासको प्रवन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

घ) पीडितलाई गाली गलौच गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन,

ङ) पिडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गराउन ।

कुनै विवादको सम्बन्धमा न्यायिक समितिमा कुनै विवाद परेकोमा प्रचलित कानूनमा मुद्धा गर्ने निकाय समक्ष प्रतिवादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्याद भित्र र म्याद किटिएको

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

नगर प्रमुख

नभएमा बाटोका म्याद बाहेक १५ दिन भित्र प्रतिबादी आफै वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्नेछ । विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनका लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्नेछ । कुनै पनि वडामा एक भन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादका पक्षहरुले रोजेको वा सो बिषयमा पक्षहरु विच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्धारा विवाद सामाधानको लागि पठाउन सक्ने छ । न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्न निबेदन दर्ता, त्यस्तो विवादको आवश्यक जाचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रकृया विवादको किनारा गर्नुपर्ने अवधी, लागत कट्टा गर्ने लगायतका विवादको निरुपण सम्बन्धी अन्य कार्यविधि स्थानिय कानुन बमोजिम हुनेछ ।

## २.६.३ न्याय सम्पादन प्रक्रिया

स्थानिय सरकार सञ्चालन ऐन २०७४ दफा ४९ बमोजिम न्यायिक समितिले आफु समक्ष पेश भएको विवादको निवेदन दर्ता गरि न्यायिक कार्यविधि सम्वन्धी ऐन २०७५ को अनुसूची २ बमोजिम दर्ता निस्सा सम्बन्धित पक्षलाई उपलव्ध गराउनु पर्नेछ । न्यायिक समितिमा कुनै विवाद सम्वन्धमा कुनै निबेदन वा उजुरी भए पश्चात न्यायिक समिति कार्यविधि ऐन २०७५ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार देहायको प्रकृया पुरा गरी न्याय सम्पादन गर्नु पर्छ ।

**समितिले मेलमिलाप गराउने :**

क) न्यायिक समितिले आफु समक्ष पेश भएको विवादको निबेदनको कार्वाही र किनारा गर्दा सम्भव भए सम्म मेलमिलाप गर्न प्रोत्साहन गरि दुबै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ ।

ख) पक्षहरु विच मिलापत्र हुन नसकेमा ऐनको दफा ४७(१) मा उल्लेखित विवादमा न्यायिक समितिले कानून बमोजिम विवादको कार्वाही र किनारा गर्नु पर्दछ ।

ग) मिलापत्र गराउदा न्यायिक समितिले आफुले सूचिकृत गरेको मेलमिलापकर्ता बाट गराउनु पर्ने छ ।

घ) न्यायिक समितिले ऐनको दफा (४७) मा उल्लेखित विवादमा प्रतिवादी उपस्थित भएको मितिले तिन महिना भित्र मेलमिलापको माध्यमबाट टुङ्गयाउनु पर्ने व्यवस्था रहेको छ । सो अवधी भित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनुवाई विवाद र सो सँग सम्बन्धित मिसिल कागज प्रमाण समेत सम्बन्धित अदालत पठाई दिनु पर्नेछ ।

ङ) पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम सो मुद्धाको कार्वाही किनारा गर्नु पर्नेछ ।

- **लिखित जानकारी दिनु पर्ने:** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा (५०) न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतिस दिन भित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रतिलिपी उपलव्ध गराउनु पर्ने छ ।
- **पुनराबेदन गर्न सक्ने:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा (५१) न्यायिक समितिबाट निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय जानकारी प्राप्त भएको मितिले पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने छ ।
- **मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने:** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा (५२)
  - ➢ न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाले तत्काल कार्यान्यन गर्नु गराउनु पर्नेछ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७४

नगर प्रमुख

- ➢ न्यायिक समितिबाट भएको मितिपत्र  र निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था स्थानिय कानुन बमोजिम हुनेछ ।

- **अभिलेख राख्नु पर्ने** : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा(५३) गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नु पर्नेछ ।

- **सभामा प्रतिबेदन पेश गर्ने**: स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा (५३)

न्यायिक समितिले आफुले गरेका कामको बार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ३
## बार्षिक प्रगति विवरण

### ३.१ न्यायिक समिति सम्बन्धी व्यवस्था

पाटन नगरपालिकाले नेपालको संविधानको धारा २१७ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४, न्यायिक समिति (कार्यविधी) सम्बन्धी ऐन, २०७८ बमोजिम नगरसभा बाट देहाय बमोजिम न्यायिक समिति गठन गरि कार्यान्वयनमा ल्याएंको छ ।

तपशिल

श्री कमल सिह बोहरा(अपि) संयोजक

श्री रमेश राम कोली, सदस्य

श्री जयन्ती भाट विजले सदस्य

श्री तर्क राज भट्ट, उजुरी प्रशासक

### ३.२ सम्पादित क्रियाकलापहरु

आ.व. ०८१।०८२ को जेठ मसान्त सम्ममा न्यायिक समिति, सचिवालय बाट सम्पादन गरिएका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

क) दैनिक प्रशासनीक तथा नियमित कार्यहरु

पाटन नगरपालिको कार्यालय, न्यायिक समिति बाट सम्पादन गरिनुपर्ने दैनिक नियमित क्रियाकलापहरु सम्पादन गर्न श्री तर्क राज भट्ट लाई उजुरी प्रशासक तोकिएको छ । न्यायिक समितिवाट न्याय सम्पादन लगायतका कानूनी सहायताको लागि कानून व्यवसायी अधिवक्ता लक्ष्मी दत्त पाण्डेयलाई सेवा परामर्श मार्फत पाटन नगरपालिकाको कानूनी सल्लाहकार तोकिएको छ र नियमित कार्यसम्पादन भईरहेको छ ।

१) आर्थिक बर्ष २०८१।०८२ को जेठ मसान्त सम्ममा न्यायिक समितिका २२ वटा बैठक सम्पन्न गरिएका छन ।

२) आ.व. ०८०।०८१ को अवधिमा फछ्र्यौट हुन बाकी र यस आ.व. ०८१।०८२ मा न्यायिक समिति समक्ष पेश भएका १८ उजुरी मध्ये ११ उजुरी फछ्र्यौट भई सकेको र ७ वटा प्रकृयामा रही नियमानुसार कार्वाही गर्ने प्रक्रिया व्यवस्थित गरिएको छ ।

३) आ.व. ०८१।०८२ को बार्षिक कार्यक्रमवाट स्वीकृत न्यायिक समिति व्यवस्थापन शिर्षक अन्तर्गत रु ४,००,०००/- को कार्यक्रम मध्ये न्यायिक समितिको आयोजनामा १ दिने कानूनी साक्षरता कार्यक्रम सम्पन्न भई सकको छ । न्यायिक समितिमा अनलाईन र अफलाईन पुस्तकालय स्थापनाको लागि प्रकृया अगाडी बढाइएको छ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी

नगर प्रमुख

## ख) स्थानीय ऐन, कार्यविधि, निर्देशिका सम्बन्धी व्यवस्था

नगरपालिकाको कार्यविभाजन नियमावली २०७४ को नियम ४ को उपनियम ६ बमोजिम गठन गरिएको नियमित कार्यहरुका अतिरिक्त तपशिल बमोजिमका विधेयकहरु अन्तिम मस्यौदा तयार गरि कानूनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयनमा ल्याईएको छ ।

१) तिन पाग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
२) मेलमिलापकेन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
३) संघ संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि, २०८१
४)पाटन नगरपालिकाको दलित विकास समिति गठन र कार्य सञ्चालन कार्यविधि, २०८१

## ३.३ न्यायिक समितिको बैठक व्यवस्थापन तथा कार्य सम्पादन

२०८१ श्रावण १ देखी २०८२ जेठ मसान्त सम्म बिभिन्न मिति र समयमा २२ वटा बैठक संचालन भई तपशिल बमोजिम कार्य सम्पादन गरिएको छ ।

गत आ.व. ०८०।०८१ बाट सारिएका उजुरी संख्या ९ र यस आ.व. ०८१।०८२ को जेठ मसान्त सम्म यस पाटन नगरपालिकाको न्यायिक समिति समक्ष पेश भएका ९ वटा उजुरीहरु समेत कुल उजुरी संख्या १८ वटाको कार्य सम्पादन सम्बन्धी विवरण देहाय बमोजिम रहेकोछ ।

तपशिल

| गत आ.व.को अल्या सहित कुल पेश भएका उजुरी संख्या | दरपिठ गरिएका संख्या | उजुरी फिर्ता संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाईएका संख्या | उजुरी फर्छ्यौट भई लगत कट्टा गरिएका संख्या | छलफलको क्रममा रहेका संख्या कार्वाही नभएको संख्या | |
|---|---|---|---|---|---|---|
| १८ | ० | ० | ० | ११ | ७ | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४९) को उपदफा (१०) बमोजिम न्यायिक समितिको कार्य सम्पादन व्यवस्थित गर्न न्यायिक समितिमा चाहिने ऐन कानून सहितको पुस्तकालय व्यवस्थापनको लागि प्रकृया अगाडी बढाइएको छ । आ.व. ०८१।०८२ मा दर्ता भएका उजुरीहरुको कार्य सम्पादन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तपशिल**

| सि.न. | उजुरी मिति | बादीको नाम | प्रतिवादीको नाम | बिषय | अवस्था | कै |
|---|---|---|---|---|---|---|
| १ | २०८१/०४/०१ | प्रताप लुहार | गणेश दत्त भट्ट | ज्याला मजदुरी नदिएको | फछ्यौंट हुन बाकी | |
| २ | २०८०/०९/४ | देवकी विष्ट | तार बहादुर विष्ट | गाली बेईज्जती | निर्णय भएको | |
| ३ | २०८०/११/१० | हरु वि.क. | राम सिह महरा | कुलो वा पानीघाटको बाडफाड तथा उपभोग | निर्णय भएको | |
| ४ | २०८०/१२/५ | मञ्जु महरा | हरि सिह महरा | एकाहकको जग्गा अर्कोले च्यापी मिचि घुसाई खाएको | फछ्यौंट हुन बाकी | |

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २०८१/०१/१८ | भरत बहादुर चन्द | विरा विष्ट | आफ्नो हक नपुग्ने जग्गामा घर वा संरचना बनाएको | फछ्र्यौट हुन बाकी | |
| ६ | २०८१/०१/१८ | जीवन विष्ट | विरा विष्ट | एकाहकको जग्गा अर्कोले च्यापि मिचि घुसाई खाएको | फछ्र्यौट हुन बाकी | |
| ७ | २०८१/०४/०१ | चने लुहार समेत ५ जना | डम्बर सिह विष्ट, काली विष्ट | कुलो वा पानिघाटको बाँडफाँड तथा उपभोग | निर्णय भएको | |
| ८ | २०८१/०२/१३ | करन प्रसाद भट्ट | दत्त राम भट्ट | पानीघाटको बाडफाड तथा गाली बेईज्जती | निर्णय भएको | |
| ९ | २०८१/०३/२७ | गणेश बहादुर चन्द | दिल बहादुर चन्द | आफ्नो हक नपुग्ने अरुको जग्गामा संरचना बनाएको | मिलापत्र | |
| १० | २०८१०४/७ | पुष्पा वि.क. | लवदेव लुहार | सहकारी लेनदेन विवाद | निर्णय | |
| ११ | २०८१/०५/०७ | कृष्ण राज पन्त | राधेश्याम बडाऐर | ज्याला मजदुरी नदिएको | फछ्र्यौट हुनं बाकी | |
| १२ | २०८१/५/९ | शेर बहादुर चन्द | नरि राम लुहार | पानीघाटको बाडफाड तथा उपभोग | निर्णय | |
| १३ | २०८१/७/२१ | राधिका पाण्डेय | दिनेश जोशी | ज्याला मजदुर ी नदिएको | फछ्र्यौट हुन बाकी | |
| १४ | २०८१/८/४ | देव राज पाण्डेय | नारु कुमारी ओझा | सम्बन्ध विच्छेद | निर्णय | |
| १५ | २०८२/०१/२६ | गोरख बहादुर चन्द | योग राज पाण्डेय | कुलो वा पानीघाटको बाडफाड तथा उपभोग | मिलापत्र | |
| **न्यायिक समिति अधिकार भन्दा बाहिरका ठाडो निबेदन दर्ता गरि भएका छलफल** | | | | | | |
| १ | २०८१/१०/७ | बंशिलाल विष्ट | विणालाल,रविलाल, दिपलाल विष्ट | आवश्यक छलफल गरिपाउँ | मिलापत्र | |
| २ | २०८१/१२/१५ | पार्वती चन्द | बसन्तपुर स्वास्थ्यचौकी | स्वयसेविका छनोट सम्बन्धमा। | | |
| ३ | २०८२/०२/२२ | कल्पना जोशी | निर्मला जोशी समेत ४ जना | आवश्यक छलफल गरिपाउँ | मिलापत्र | |
| | | | | | | |

नगर प्रमुख

## ३.४ नगरपालिकाबाट स्वीकृत कानूनहरुको विवरण

पाटन नगरपालिकाको कार्य सम्पादन चुस्त दुरुस्त बनाउन हाल सम्म तपशिल बमोजिमका कानूनहरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन ।

तपशिल

| | | |
|---|---|---|
| १ | अल्पकालीन सुरक्षित आवास गृह संचालन कार्यविधि, २०७९ | |
| २ | नगर युवा परिषद कार्यविधि,२०७९ | |
| ३ | पाटन नगरपालिकाको अनुगमन, मूल्याङ्कन तथा सुपरिबेक्षण सम्बन्धी कार्यविधि २०७९ | |
| ४ | मुक्त हलिया पुनर्स्थापना कार्यविधि, २०७९ | |
| ५ | निजि वन दर्ता सम्बन्धी कार्यविधि,२०७९ | |
| ६ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहार (निवारण) आचार संहिता, २०७९ | |
| ७ | पाटन नगरपालिकाको विभेदपुर्ण लिङ्ग छनौटको अन्त्यका लागि कार्ययोजना २०७९-८० | |
| ८ | पाटन नगरपालिकाको बाल बिबाह अन्त्यका लागि रणनीति २०७९ | |
| ९ | लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ | |
| १० | सुचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धि कार्यविधि २०७८ | |
| ११ | आर्थिक ऐन २०७९ | |
| १२ | जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि | |
| १३ | आर्थिक सहायता बितरण तथा व्यवस्थापन कार्यविधि | |
| १४ | विपद व्यवस्थापन कोष संचालन कार्यविधि | |
| १५ | एकीकृत कृषि बजार व्यवस्थापन कार्यविधि | |
| १६ | सुरक्षित खानेपनियुक्त समुदाय घोषणा निर्देशिका २०७८ | |
| १७ | पाटन नगरपालिकाको नबिकरणिय उर्जा नीति २०७८ | |
| १८ | पाटन नगरपालिका उर्जा विकास उपसमिति गठन तथा संचालन कार्यविधि २०७८ | |
| १९ | खानेपानी सरसफाई तथा स्वछता सम्बन्धमा व्यवस्थापन गर्न बनेको बिधेयक २०७८ | |
| २० | खानेपानी गुणस्तर अनुगमन निर्देशिका २०७८ | |

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

नगर प्रमुख

| | | |
|---|---|---|
| २१ | आवधिक रोजगारीमा भारत लगायत अन्य मुलुक जाने व्यक्ति लक्षित कार्यक्रम र बिमा संचालन कार्यविधि २०७८ | |
| २२ | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५ | |
| २३ | नगर स्वयं सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९ | |
| २४ | पाटन नगरपालिका सचिवालय गठन तथा संचालन (कार्यविधि )नियमावली २०७९ | |
| २५ | सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धि कार्यविधि २०७८ | |
| २६ | टोल विकास संस्था ( गठन तथा परिचालन ) कार्यविधि २०७८ | |
| २७ | सुचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धि कार्यविधि २०७८ | |
| २८ | हानीकार प्रचलन अन्त्यका लागि नीति २०७८<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ | |
| २९ | न्यायिक समिति ऐन २०७८ | |
| ३० | स्थानीय तहको आर्थिक ऐन २०७८ | |
| ३१ | सावधिक जीवन बिमा तथा दुर्घटना बिमा संचालन कार्यविधि , २०७८ | |
| ३२ | बिद्यालय शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि , २०७७ | |
| ३३ | प्रारम्भिक वातावरणीय कार्यविधि २०७७ | |
| ३४ | घर बहाल कर व्यवस्थापन कार्यविधि २०७७ | |
| ३५ | वाताबरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७७ | |
| ३६ | नगर स्तरीय मातृशिशु स्वास्थ्य आकस्मिक सहयोग कोष संचालन कार्यविधि २०७७ | |
| ३७ | ब्यवसाय कर संचालन कार्यविधि २०७७ | |
| ३८ | बिद्यालय शिक्षा संचालन तथा ब्यवस्थापन कार्यविधि २०७७ | |
| ३९ | पाटन नगरपालिका नगर कार्यपालिकाको (कार्य सम्पादन ) नियमावली २०७४ | |
| ४० | पाटन नगरपालिकाको सार्वजनिक खरिद नियमावली , २०७६<br>पाटन नगरपालीकाको आर्थिक ऐन २०७४ (पहिलाे संसोधन) २०७५ | |
| ४१ | पाटन नगरपालीका बिपदव्यवस्थापन काेषकाे स्थापना तथा संचालन कार्यबिधि २०७४ | |

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

नगर प्रमुख

| | | |
|---|---|---|
| ४२ | पाटन नगरपालीका बिनियाोजन ऐन २०७५ | |
| ४३ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ | |
| ४४ | पाटन नगरपालिकाको पूर्वाधार व्यवस्था ऐन २०७५ | |
| ४५ | पाटन नगरपालिकाको स्वास्थ्य तथा तथा सरसफाई सेवा ऐन २०७५ | |
| ४६ | पाटन नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५ | |
| ४७ | स्थानिय राजपत्र प्रकाशन सम्बन्धि कांर्यविधि २०७५ | |
| ४८ | प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ | |
| ४९ | ' घ ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ | |
| ५० | एफ . एम. रेडियो ( ब्यबस्थान तथा संचालन कार्यविधि २०७५ | |
| ५१ | शिक्षा नियमावली २०७५ | |
| ५२ | आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ | |
| ५३ | कृषि ब्यबसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन 2075 | |
| ५४ | स्थानिय तह सहकारी एेन २०७५ | |
| ५५ | नक्सा पास विशेष सूचना, २०७४ | |
| ५६ | कर्मचारी तथा पदाधिकारीको भ्रमण सुबिधा नियमन कार्यविधि २०७४ ( प्रकाशन मिति २०७४/१०/०२) | |
| ५७ | पधाधिकारीहरुकोआचार संहिता नियमावली , २०७४ ( प्रकाशन मिति २०७४/०७/१९) | |
| ५८ | नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ ( प्रकाशन मिति २०७४/०७/१९) | |
| ५९ | बिनियोजन ऐन , २०७४ ( प्रकाशन मिति २०७४/०७/१९ ) | |
| ६० | नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ (प्रकाशन मिति २०७४/०७/१६ ) | |
| ६१ | नगर सभा संचालन कार्यविधि २०७४ ( प्रकाशन मिति २०७४/०७/१६) | |

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| ६२ | नगर कार्यपालिका कार्यबिभाजन नियमावली, २०७४ | |
| ६३ | नीति ,बजेट ,योजना तथा कार्यक्रम २०७४, प्रकाशन मिति २०७४/०७/१ | |
| ६४ | नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ | |
| ६५ | पाटन नगरपालिकाको निर्णय वा आदेस र अधिकार पत्र को प्रमाणीकरण , २०७४ प्रकाशन मिति २०७४/०७/१५) | |
| ६६ | तिन पाग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि | |
| ६७ | मेलमिलापकेन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि | |
| ६८ | भवन निर्माण अभिलेखीकरण कार्यबिधि | |
| ६९ | सामुदायिक बन सञ्चालन तथा व्यवस्थापन कार्यविधि | |
| ७० | भवन निर्माण ईजाजत तथा घर नक्सा पास कार्यबिधि | |

## ३.५ अनुगमन सम्बन्धीव्यवस्थाः

न्यायप्रशासन ऐन २०७३ को दफा २१ तथाजिल्लाअदालतनियमावली २०७५ को नियम ९४ बमोजिम सम्मानितजिल्लाअदालत बैतडी बाट अनुगमन गरी आवश्यक सुझावहुनु पर्ने व्यवस्था रहेकोमासम्मानित जिल्ला अदालत बैतडीबाटमिति २०८२ साल असार ४ गते अनुगमनभई पृष्ठपोषण भएको अवस्था छ ।

## ३.६मुख्य उपलव्धी

-दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलतापुर्वक सम्पन्न गरिनु ।

-न्यायिक समितिको २२ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष गत आ.व. बाट जिम्मेवारी सरी आएका ९ वटा र यस आ.व.मा पेश भएका ९ वटा उजुरी समेत १८ वटा उजुरीहरु सम्बन्धी छलफल गरी आवश्यक कार्वाही गरिएको छ ।

-नगरपालिकाको कार्य सम्पादन नियमावली २०७४ को दफा ४ उपदफा ६ बमोजिम गठन भएको विधायन समितिबाट सम्पादन गरिएको कार्यहरु अन्तर्गत बिभिन्न ४ वटा बिधेयक तथा कार्यविधिहरुको मस्यौदा तयार गरी समिति मार्फत प्रक्रिया अनुसार कानूनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयन गरिएको छ ।

-न्यायिक समिति कार्यविधि ऐन २०७८ बमोजिम न्यायिक समितिको सचिवालय व्यवस्थापन गर्न कानून ईकाइ व्यवस्थापन गर्न आवश्यक पहल गरिएको छ ।

-न्यायिक कार्यलाई छिटो छरितो र प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न न्यायिक समितिमा पुस्तकाल व्यवस्थापनको लागि पहल गरिएको छ ।

-मेलमिलापकर्ताहरुलाई सहजीकरणको लागि मेलमिलापकेन्द्रमा चाहिने आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिएको छ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७१

नगर प्रमुख

-स्थानीय तहको निर्वाचन पश्चात संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन भएको छ ।

।

**३.७ स्थानीय तहमा न्यायिक समितिका अवसर**

सरकार सञ्चालनका महत्वपूर्ण अंग मध्ये न्यायपालिका एक महत्वपुर्ण अंग हो । व्यवस्थापिकाले तयार गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानूनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने विवाद निरुपण गर्ने काम न्यायपालिकाले गर्छ । विश्वका केही देशहरुले अभ्यास गर्दै आएको स्थानीय तहको अदालती अभ्यास नेपालमा सुरुवाती अवस्थामा छ । लोकतान्त्रीक गणतन्त्रको स्थापना पछि स्थानीय तह देखी नै सुदृढ एंव सवल बनाउनको लागि सुदृढ एंव सवल नेतृत्व स्थानीय कानून र स्थानीय सरकारको व्यवस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ । उल्लेखित विवादका बिषय बाहेकका बिषयहरु पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ । न्यायिक समितिमा उजुरी वा फिराद पेश भए पछि बिपक्षीका नाउँमा म्याद पठाउने, प्रतिउत्तर बुझ्ने, प्रमाणको परिक्षण, साक्षी परिक्षण गर्ने, मेलमिलापका लागि दुबै पक्षलाई उत्पेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्यार मात्र समितिले निर्णय गर्नु पर्दछ। निर्णयगर्दा ३ वटै सदस्यको सहमति नभए दुईजनाको निर्णयले फैसला गरिन्छ। फैसलामा समिति संयोजक अनिवार्य हुनु पर्दछ। निर्णयमा चित्त नबुझ्ने पक्षलाई पुनराबेदनका लागि म्याद दिने व्यवस्था समेत गरिएको छ।

**३.८ स्थानीय तहमा न्यायिक समितिका चुनौती:-** स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहायका चुनौतीहरु रहेका छन ।

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु,
- यथेष्ट प्रमाणको आधारमा मुद्धाको सुनुवाई गरिने हुदा प्राप्त प्रमाणको अभावमा फैसला हुन सक्ने,
- कुनै पनि मुद्धामा सिधै जिल्ला अदालतमा फिराद गर्न सकिने भएकाले पुर्वाग्रह तथा रिसईवी साध्न स-सानो विवादमा पनि जिल्ला अदालतमा उजुरी दिन सक्ने,
- न्यायिक समितिमा परेको विवादमा प्रतिउत्तर फिराउने, तारेख थाम्ने, साक्षीको बकपत्र गर्ने तथा सर्जमिन मुचुल्का गर्न नसक्दा डिसमिस फैसला गर्नु पर्ने ।

***३.९ सूझाव***

न्यायिक समितिको प्रभावकारी संञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम सुझावहरु पेश गरिएको छ ।

क) संघीय तथा प्रदेश तह बाट बेलाबखतमा नगरपालिका तथा वडाहरुमा न्यायमा पहुचका लागि कानून सम्बन्धी प्रशिक्षण दिनु पर्ने,

ख) न्यायिक समिति सदस्यहरु, र न्यायिक समितिमा काम गर्ने कर्मचारीहरुलाई बिभिन्न तालिम तथा अभिमुखीकरण गोष्ठीमा सहभागी गराई क्षमता अभिबृद्धि गर्नु पर्ने,

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

नगर प्रमुख

ग) न्यायिक समितिको ईजलास र सचिवालको व्यवस्थापन गर्नु पर्ने,

घ) न्यायिक समितिबाट भएका निर्णयहरु कार्यान्वयनको लागि नगर कार्यपालिकालाई जिम्मेवार बनाउनु पर्ने,

ङ) विवाद सामाधानमा मेलमिलापकर्ताको भुमिका महत्वपुर्ण र अनिवार्य रहनु पर्ने कानूनी व्यवस्था भए अनुरुप मेलमिलापकर्ताका लागि आवश्यक पारिश्रमिकको व्यवस्था गरिनु पर्ने,

च) न्यायिक समिति तथा अन्य अर्धन्यायिक निकायमा पेश हुने निबेदन, फिरादपत्र, प्रतिउत्तर पत्र तथा उजुरी सम्बन्धी आम नागरिकलाई ज्ञान नहुदा लेखापढी तालिम सञ्चालन गरिनु पर्ने ,

छ) न्यायिक समितिलाई प्रभावकारी बनाउन आवश्यक सम्पुर्ण ऐन, नियम, बिनियम, बिधिशास्त्र, आदि पाठ्यपुस्तक सहितको पुस्तकालयको व्यवस्था गरिनु पर्ने ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

नगर प्रमुख